☎०७८-५४०१७०
०७८-५४११६९

# कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी(ब.सु.पू.),
गण्डकी प्रदेश, नेपाल।

च.नं. :
प.स. :०७७/०७८

मितिः २०७७/०५/१५

## सार्वजनिक सुचना

यस नगरपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०७७/०५/१५ मा बसेको बैठक बाट विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) यस नगरपालिका भित्र समुदाय स्तरमा र छिमेकी नगरपालिकाहरुमा समेत देखिएको हुदा कोरोना भाइरस (COVID-19) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७/०५/१५ गते देखि २०७७/०५/१९ गते सम्म तपिशलमा उल्लेखित सेवा सञ्चालनमा रोक लगाउने निर्णय भएको हुदाँ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशीत गरिएको छ।

**तपिशल**

(क) मानिसहरु भेला भई गरिने कुनै पनि प्रकारका धार्मीक तथा सांस्कृतीक कार्यक्रमहरु, सभा समारोह, गोष्ठी, तालिम, सेमिनार लगायत जमघट र भिडभाड हुने कार्य एवम् गतिविधिहरु।

(ख) स्वास्थ्य सेवा बाहेक नगर क्षेत्रभित्रका सम्पुर्ण सरकारी/गैह सरकारी कार्यालयहरु, शैक्षिक संस्थाहरु(विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र)।

(ग) नगर क्षेत्रभित्रका सम्पुर्ण होटल, रेष्टुरेन्ट, डान्सबार, सिनेमा हल, पार्टि प्यालेस लगायत मनोरञ्जन स्थल, सैलुन, ब्युटि पार्लर तथा स्पा, स्विमिङ पुल, जिमखाना, हेल्थ क्लब , खेलकुद कार्यक्रम, पुस्तकालय, सङ्ग्रहालयहरु र सम्पूर्ण पर्यटन व्यवसायहरु।

(घ) यस नगरपालिका क्षेत्र भित्रका ATM सेवा बाहेक सम्पुर्ण बैक तथा वित्तीय संस्थाहरु लघुवित्तीय संस्थाहरु, सहकारीहरु र विमा कम्पनीहरु(कोरोना विमा सेवा बाहेक)।

(ङ) दैनिक उपभोग्य वस्तुहरूः खाद्यान्न, दालचामल, नुन, तेलको पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा विहान ६:०० बजे देखि विहान ९:०० बजे र बेलुका ४:०० बजे देखि ७:०० बजे सम्म मात्र संचालन गर्ने र सो बाहेकका सबै पसल व्यवसायहरु सञ्चालन नगर्ने।

(च) यस नगरपालिका क्षेत्र भित्र सञ्चालित आयोजना तथा निर्माण कार्य/उद्योग, प्रतिष्ठानहरुले आफ्नो परिसर भित्र नेपाल सरकारद्धारा जारी गरिएको स्वास्थ्य सुरक्षाका मापदण्ड(Protocol) को पूर्ण रुपमा परिपालना गरि/गराई कार्य गर्न/गराउन सकिने।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

०७७/०५/१५
.............................
(यज्ञ पुरी)

प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner